जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा राजपत्र

खण्डः८	**संख्याः३**	**प्रमाणिकरण मितिः** २०८२/०३/२६ **राजपत्रमा प्रकाशित मितिः** २०८२/०८/१०

भाग १

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुरसिमरा उपमहानगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२

प्रस्तावनाः नेपालको संविधानबाट उपमहानगरपालिकालाई प्राप्त राजस्व अधिकारको व्यवस्थालाई पारदर्शी, न्यायोचित, व्यवस्थित तथा प्रभावकारी रुपमा लागु गरी नगरवासीलाई दिने सेवा प्रवाह र विकास निर्माण गर्न सक्ने क्षमतामा सुधार ल्याउन बाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ८ मा भएको एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २२८ को उप-धारा (२) को बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाले राजस्व लगाउन तथा उठाउनको लागि नगर सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन उपमहानगरपालिका क्षेत्रभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “संविधान” भन्नाले नेपालको संविधान लाई जनाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(ग) “सभा” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभालाई जनाउँछ ।

(घ) “तोकिए वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ ।

(ङ) “वडा कार्यालय” भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ ।

(च) “स्थानीय तह” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई जनाउछ ।

(छ) “कर” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(ज) “गैर कर” भन्नाले उपमहानगरपालिकाले आन्तरिक रुपमा आय संकलन गर्ने कर वाहेकका अन्य सबै किसिमका सेवा शुल्करु तथा आयका स्रोतहरुलाई जनाउँछ र यो शब्दले सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(झ) “कर निर्धारण” भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(ञ) “करदाता” भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ट) “कर अधिकृत” भन्नाले उपमहानगरपालिकाको राजस्व प्रशासन शाखा प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने उपमहानगरपालिकाको अधिकृत स्तरका अन्य कर्मचारीहरुलाई समेत जनाउँछ ।

(ठ) “कार्यापालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

(ड) “प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुखलाई जनाउछ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउछ।

(ण) “कर एकाइ” भन्नाले उपमहानगरपालिकाको कर सम्बन्धि काम, कार्वाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनका लागि तोकिएको महाशाखा, शाखा वा सो प्रयोजननको लागि तोकिएको कार्यालयको रुपमा रहेको संगठन संरचनालाई जनाउछ।

(त) “ उपमहानगरपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई बुझाउछ।

(थ) “समिति” भन्नाले ऐन अनुसार गठन भएको राजश्व परामर्श समितिलाई जनाउछ।

(द) “ प्रदेश सरकार” भन्नाले मधेश प्रदेश सरकार जनाउछ।

जीतपुरसिमरा उपमहानगरपालिका

(ध) "प्रदेश ऐन" भन्नाले मधेश प्रदेशको आर्थिक ऐन जनाउछ।

(२) यस ऐनमा परिभाषित गरिएका लवजहरु सोही अनुसार र अरुमा प्रचलित ऐन व्याख्या सम्बन्धि संघिय ऐन र यस ऐनको दफा ४ अनुसारको सिद्धान्तमा गरिनेछ।

परिच्छेद - २

राजस्व सम्बन्धी सामान्य सिद्धान्त, क्षेत्र र आधार

३. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्तः (१) कर राजस्व लगाउँदा देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) करतिर्न सक्ने क्षमता,

(ख) समानता र न्यायमा आधारित,

(ग) सरलता, पारदर्शीता र मितव्ययीता,

(घ) नागरिक सुविधा,

(ङ) कर तिर्ने स्वप्रेरणा,

(च) कराधार, करको दर र तिर्ने अवधीको निश्चितता,

(छ) पश्चातदर्शी असर नपर्ने ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

४. राजस्वका क्षेत्र र आधारः (१) उपमहानगरपालिकाको कर तथा गैर करको क्षेत्र तथा आधार परिच्छेद ४ बमोजिमको कर, परिच्छेद ५ बमोजिमको सेवा शुल्क, दस्तुरका तथा परिच्छेद ६ बमोजिमको छुट, जरिवाना, व्याज (हर्जाना) हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र र आधार बाहेक उपमहानगरपालिकालाई प्रचलित कानून बमोजिम अन्य कर तथा गैर कर राजस्व अधिकार थप भएको अवस्थामा त्यस्तो राजस्व उपमहानगरपालिकाको आर्थिक ऐनले तोकेको आधारमा असूल गरिनेछ ।

परिच्छेद - ३

राजस्व प्रशासन सम्बन्धी व्यवस्था

५. राजस्व प्रशासनः (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रको कर तथा गैर करको प्रशासनिक कार्य उपमहानगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राजस्व प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यक्ता अनुसार राजस्व प्रशासन शाखा तथा आवश्यक्ता अनुसार राजस्व संकलन एकाईहरु रहनेछन् ।

६. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) राजस्व प्रशासन शाखामा रहने कर्मचारीको तह र दरबन्दी नगर सभाले स्वीकृत गरेको संगठन संरचना बमोजिम हुनेछ ।

(२) राजस्व प्रशासन प्रमुखले कर अधिकृतको हैसियतमा काम गर्नेछ।

(३) राजस्व प्रशासन शाखाले स्वीकृत दरबन्दीका आधारमा वडा कार्यालयहरुमा र राजस्वसम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सकिनेछ ।

७. राजस्व प्रशासन शाखाको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त राजस्व प्रशासन शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) करपरिक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर तथा गैरकर राजस्व संकलन गर्ने,

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक काम गर्ने,

(च) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक काम गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर सम्बन्धी कानून र कर प्रशासन सुधारका उपायहरु बारे कार्यपालिकालाई सुझाव दिने,

(झ) राजस्व प्रक्षेपणका लागि सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

(ट) राजस्व सम्बन्धी बिवरण तथा अभिलेखहरु सुरक्षित र व्यबस्थित रुपमा राख्ने,

(ठ) राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

(ड) राजस्व सम्बन्धी अन्य काम गर्ने ।

८. अधिकार प्रत्यायोजनः (१) जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) राजस्व प्रशासन शाखा प्रमुखले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. प्रत्यायोजित अधिकार र जिम्मेवारीः (१) यस ऐन बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद - ४

कर राजस्व सम्बन्धी व्यवस्था

१०. सम्पत्ति करः (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ११ बमोजिम भूमीकर (मालपोत) लगाउनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(३) उपदफा (१) को कर प्रयोजनका लागि सम्पत्तिको मूल्यांकन गर्दा देहायका आधारमा गरिनेछः

(क) घर र जग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र जग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्नेछैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र जग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र जग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र जग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र जग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर र जग्गा ।

(झ) उपमहानगरपालिकाले तोकेको अवधि भित्र सामुहिक आवास वा संयुक्त आवास अन्तर्गत निर्माण भएका आवास विक्रि नभई बाँकी रहेको स्टकमा सम्पत्ति कर लाग्ने छैन। तर स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्नेछ।

(६) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(७) सम्पत्तिको मूल्याङ्कन सिफारिसका लागि उपमहानगरपालिकाले दक्ष वा विशेषज्ञ सहित बढीमा पाँच सदस्य रहेको सम्पत्ति कर मूल्याङ्कन समिति गठन गर्न सक्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा राजश्व परामर्श समितिले नै मूल्यांकन समितिको कार्य गर्नेछ ।

(८) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुझाव उपमहानगरपालिकामा सिफारिश गर्नेछ । यसरी निर्धारण भएको मूल्याङ्कन लागु हुने आर्थिक वर्ष सम्म परिवर्तन हुने छैन।

(९) सम्पत्तिको मूल्याङ्कन तथा हसकट्टीको दर आर्थिक ऐनले व्यवस्था गरे बमोजिम हुनेछ ।

(१०) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र नभएमा संयुक्त स्वामित्वलाई एउटा व्यक्ति ।

(११) सम्पत्ति करको प्रयोजनकोलागि घर भएको कित्तामा जोडिएका सोही व्यक्तिको नाउँमा रहेका अन्य सबै कित्ताहरुलाई एउटै कित्ता मानी घरले चर्चेको जग्गाको क्षेत्रफल निर्धारण गरिने छ ।

(१२) करदाताले यस दफा बमोजिमको सम्पत्ति कर वार्षिक रुपमा तिर्नु पर्नेछ ।

(१३) सम्पत्तिको पहिचान, विबरण संकलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्यांकन, कर असूली तथा कर सहुलियत र जरीवाना सम्बन्धी व्यबस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

११. भूमिकर (मालपोत)ः (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा मूल्यांकनको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गुठीको स्वामित्वमा रहेको जग्गा र कूटनीतिक नियोगको नाममा रहेको जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(३) उपमहानगरपालिकाले यस दफा बमोजिमको मालपोत र दफा १० बमोजिमको सम्पत्ति कर एकै पटक उठाउने छ ।

(४) उपदफा (१) अनुसार दोहोरो कर नलाग्ने व्यवस्थाको लागि उपमहानगरपालिकाले घर भएको जग्गाको भूमिकर (मालपोत) असुलउपर गरेपछि मात्र सम्पत्ति कर असुल गर्नेछ । यसरी सम्पत्ति कर असुल गर्दा घरले चर्चेको जति जग्गामा तिरेको भूमिकर (मालपोत) कट्टा गरी बाँकी रकम सम्पत्ति करको रुपमा असुल गर्नु पर्दछ ।

(५) करदाताले यस दफा बमोजिमको भूमिकर (मालपोत) वार्षिक रुपमा तिर्नु पर्नेछ ।

१२. व्यवसाय करः (१) उपमहानगरपालिका क्षेत्रभित्र ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थाले उपमहानगरपालिकामा व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्राप्त गर्नुपर्नेछ ।

तर, यो ऐन प्रारम्भ हुनु अगावै उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेका व्यबसाय यो ऐन जारी भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम उपमहानगरपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गराउनु पर्नेछ ।

(३) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी व्यबसाय दर्ता र नवीकरणमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यबसाय कर लगाउने र उठाउनेछ ।

(४) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(५) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विबरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र राजस्व शाखामा जानकारी दिनु पर्नेछ ।

(६) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले व्यबसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यबसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

(८) व्यबसाय दर्ता, खारेजी, नवीकरण प्रकृया तथा व्यबसाय वर्गीकरण एवम् कर असूली, कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यबस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१३. घरजग्गा बहाल करः (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा घरजग्गा बहाल कर लगाउने र असूल उपर गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत उपमहानगरपालिकाले यस ऐन बमोजिम घरजग्गा बहाल कर लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पारेको मानिनेछैन ।

(४) उपदफा (१) र (२) बमोजिम लगाइने घरजग्गा बहाल करको दर सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

(५) घरजग्गा बहाल करको प्रयोजनको लागि उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व र उपलब्ध शहरी सेवा सुविधा समेत विचार गरी घर तथा जग्गाको आकार प्रकार र बनौट समेतका आधारमा वर्गीकरण गरी बहालको न्यूनतम् दर निर्धारण गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम दाखिला गर्नुपर्ने घरजग्गा बहाल कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(७) यस दफा बमोजिमको कर लगाउने प्रयोजनका लागि करदाता पहिचान र दर्ता, विबरण दाखिला, कर निर्धारण, कर दाखिला, असूली प्रकृया, करमा सहुलियत तथा जरिवाना आदिका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१४. जडिबुटी, कवाडी तथा जीवजन्तु करः (१) उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र कवाडी भन्नाले तयारी मालसामान वाहेक उत्पादनका क्रममा निस्केका वा पुन प्रयोग गर्न सकिने (एक पटक प्रयोग भइसकेका) र पुन प्रशोधन हुन सक्ने (तयारी बस्तुका टुक्रा/अवशेष) ए ग्रेड बाहेकका मालवस्तुहरु सम्झनु पर्दछ। उपमहानगरपालिकाले कर लगाउँदा कारोवार भएको वस्तुको परिमाणको आधारमा कर लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई उपमहानगरपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

१५. सवारी साधन करः (१) उपमहानगरपालिकाको आर्थिक ऐनमा दर तोकेर रिक्सा, इरिक्सा तथा अटो रिक्सामा कर लगाउनेछ।

(२) उपमहानगरपालिकाले कर लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ ।

(४) यसरी संकलित सवारी कर वापतको रकम प्रचलित संघिय र प्रदेश कानुनमा तोकिए बमोजिम प्रदेशलाई हस्तान्तरण गरिनेछ।

१६. विज्ञापन करः (१) उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा यस ऐन बमोजिमको कर लाग्ने छैन ।

(२) उपमहानगर क्षेत्रभित्र यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले उपमहानगरपालिकाबाट अनुमति लिनु पर्नेछ र विज्ञापन कर निजबाट असूल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, संघसंस्था वा व्यक्ति अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजस्व शाखाले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(५) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(६) यस दफा बमोजिम महानगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँट गरिनेछ ।

(७) यस दफा बमोजिमको कर उठाउन आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

परिच्छेद -५
गैरकर राजस्व

१७. सेवा शुल्क तथा दस्तुरः (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाइ असूल उपर गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको सेवा शुल्क सेवा संचालकले वार्षिक रुपमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिमको सेवा शुल्क लागु भएका व्यवसायले आर्थिक ऐन बमोजिम लाग्ने व्यवसाय कर समेत एकै पटक संकलन गर्न सकिने छ ।

(४) उपमहानगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवाग्राहीलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

(क) खानेपानी, विजुली, एम्बुलेन्स, सबवहान र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, अतिथि गृह, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, वस पार्क, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) उपमहानगरपालिकाले प्रदान गर्ने न्यायिक सेवा, सिफारिश, प्रमाणित, इजाजत सम्बन्धी सेवा,

(५) उपमहानगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, स्थानीय पत्र पत्रिका, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, सहकारी दर्ता अनुमति, कृषक समूह दर्ता अनुमति, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता अनुमति, घरेलु तथा साना उद्योगहरुको दर्ता अनुमति, टावर राख्न अनुमति, आदि सेवामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क दस्तुर लगाउने र उठाउनेछ ।

(६) उपमहानगरपालिकाले संविधान र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन,२०७४ को विपरित नहुने गरि आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

१८. पर्यटन शुल्कः (१) उपमहानगरपालिकाले आफैले निर्माण, सञ्चालन र व्यबस्थापन गरेको पर्यटकीय स्थल वा अन्य कुनै निकाय वा संस्थाद्वारा व्यवस्थापन गरिएका पर्यटकीय स्थल वा पर्यटकीय क्रियाकलापमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महानगर क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

१९. सवारी साधन पार्किङ शुल्कः उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ ।

(३) उपमहानगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

२०. विक्री तथा शुल्कः (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलवाट वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुहरु विक्रीको लागि विक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढ माध्यमवाट सो नभएमा घाटगद्धि गरी तोकिएको दरमा आफैले विक्री गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा संचालित खानीबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणले तोकेको परिमाणमा गरिने स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको उत्खनन्, संकलन वा विक्रीमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा संकलन शुल्क लगाउनेछ ।

(४) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्नेछ ।

(५) उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु कार्यपालिकाको निर्णय बमोजिम लिलाम विक्री गर्न सक्नेछ ।

(६) उपमहानगरपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, घर नम्वर प्लेट, नक्शा वा अन्य सेवाहरु सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम प्रचलित संघिय र प्रदेश कानुन बमोजिम उपमहानगरपालिकालाघ प्राप्त हुने रकम स्थानिय सञ्चित कोषमा जम्मा गरिनेछ र प्रदेशलाई प्राप्त हुने रकम प्रदेशलाई हस्तान्तरण गरिनेछ।

२१. बहालविटौरी शुल्कः (१) उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घर पसल तथा सार्वजनिक, पर्ति वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग बापत सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बहालविटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहाल विटौरीमा दिंदा अवधी तोकी शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम उपमहानगरपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घर जग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र उपमहानगरपालिका वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले त्यस्तो घर जग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस व्यबस्थाले बाधा पुर्याएको मानिने छैन ।

२२. सहायक सडक मर्मत तथा सडक उपयोग शुल्कः उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र गुड्ने सवारी साधनहरुको ट्राफिक व्यवस्थापन, सडकहरुको मर्मत सम्भार तथा सवारीजन्य जोखिम व्यवस्थापनको लागि पूर्वाधार सेवाको (सहायक सडकहरु) उपयोग गरे वापत नगरसभाबाट स्विकृत आर्थिक ऐनले तोकेको दररेट अनुसार सडक उपयोग शुल्क उठाउन सक्नेछ।

२३. वातावरण संरक्षण शुल्कः उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको उद्योग तथा कलकारखानाबाट वा अन्य कुनै क्रियाकलापबाट उत्सर्जन तथा सिर्जित हुने ध्वनी, वायु, जल तथा माटो प्रदुषणको उचित रोकथाम र नियन्त्रणका लागि सम्बन्धित उत्सर्जनकर्ता बाट आर्थिक ऐनमा तोकिएको दरमा वातावरण संरक्षण शुल्क उठाउन सक्नेछ।

२४. सम्पत्ति भाडा/वहालः (१) उपमहानगरपालिकाको आफ्नो स्वामित्वमा रहेको भवन, सभागृह, जग्गा, मेसिनरी साधन, उपकरण आदिमा आर्थिक ऐनले तोकेको भन्दा कम नहुने गरी भाडा वा वाहालमा दिई आय आर्जन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ६ महिना भन्दा बढी अवधिकोलागि भाडा वा वहालमा दिंदा प्रतिश्प्रधात्मक पद्धति अपनाई भाडा वा वहालमा दिनु पर्नेछ ।

२५. सामुदायिक वनबाट आय प्राप्त गर्नेः (१) उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई उपमहानगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सामुदायिक बनले उपमहानगरपालिकाको सञ्चित कोषमा जम्मा गनुपर्नेछ ।

गीतानगर उपमहानगरपालिका

परिच्छेद - ६

छुट, जरिवाना र व्याज (हर्जाना) सम्बन्धी व्यवस्था

२६. छुट वा सहुलियतः (१) उपमहानगरपालिकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लागेको कर राजस्वका आधार र कारण खुलाई आर्थिक ऐनमा व्यवस्था गरी आंशिक वा पूर्ण रूपमा छुट दिन वा अन्य किसिमका सहुलियत दिन सक्नेछ ।

(२) उपदफा (१) कमोजिमको छुट वा मिनाहा दिँदा सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) वार्षिक रुपमा बुझाउनु पर्ने कर, गैर कर तथा ठेक रकम अग्रीम रुपमा वा पहिलो चौमासिक भित्र बुझाएमा लाग्ने रकममा दिईने छुटको दर आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(४) महिला, अशक्त तथा अतिविपन्न बर्गलाई प्रोत्साहन गर्न तथा नगरको व्यवस्थित विकासमा प्रोत्साहन हुने गरी निर्माण कार्य गराउन कर तथा गैर करमा आर्थिक ऐनले तोके बमोजिमको दरमा छुट दिन सकिनेछ ।

(५) कुनै एक आर्थिक वर्षका लागि परिमाणमा आधारित आन्तरिक आय ठेक्का वा दैनिक रुपमा संकलन हुने करको आन्तरिक आय ठेक्का बन्दोबस्त भएका ठेक्काहरुमा कुनै विपदजन्य वा अन्य जुनकुनै परिस्थितिको कारणले कर संकलन हुन नकसेकमा दैनिक रुपमा संकलन हुने करहरुको आन्तरिक आय ठेक्काको हकमा नगरसभाको निर्णयानुसार कर संकलन हुन नकसेको दिनको कबोल रकम अनुसार दामासहिले हुन आउने रकम सम्बन्धित ठेकेदारलाई छुट दिन सक्नेछ र परिमाणमा आधारित आन्तरिक आय ठेक्काको हकमा कवोल रकम र परिमाणका आधारमा अपुग परिमाण बराबरको दामासाहिले हुन आउने रकम छुट दिन सक्नेछ।

२७. मिनाहाः (१) उपमहानगरपालिकाले प्राकृतिक विपद्, महामारी वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर वा गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक वा पूर्ण रूपमा मिनाहा गर्न सक्नेछ ।

(२) उपदफा (१) कमोजिमको मिनाहा दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजस्व मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागु हुनु भन्दा अगावै ठेक्का बन्दोबस्त भएको अवस्थामा आह्वान भएको सार्वजनिक सूचनामा कर छुटको व्यवस्था गरेको रहेछ भने कार्यपालिकाको निर्णयानुसार कर मिनाहा दिन सक्नेछ र सो को विवरण सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ।

२८. जरिवाना लाग्नेः (१) उपमहानगरपालिकाको स्वीकृति बेगर शहरी सुव्यबस्थामा प्रतिकूल असर पर्ने गरी कानून विपरित सडकपेटी अतिक्रमण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामाग्री सडक वा सार्वजनिक स्थलमा जथाभावी थुपार्ने, वायु तथा ध्वनी प्रदुषण गर्ने, जथाभावी फोहोरमैला निष्काशन गर्ने, निषेधित क्षेत्रमा सवारी पार्किङ्ग तथा पसल व्यवसाय गर्ने व्यक्तिलाई सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना लगाई असूल उपर गरिनेछ ।

(२) उपमहानगरपालिकाको इजाजत वा स्वीकृति लिई गर्नुपर्ने कार्यहरु जस्तो भवन निर्माण, जग्गा प्लटिङ्ग, प्राकृतिक स्रोत साधन उत्खनन कुनै व्यक्ति वा संस्थाले स्वीकृत नलिई गरेको पाईएमा सभाद्वारा स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लगाई असूल उपर गरिने छ ।

२९. ब्याज (हर्जाना) लाग्नेः कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ ।

३०. समयमा विवरण दाखिला नगरेमा जरिवाना लाग्नेः यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम बिवरण दाखिला गर्नुपर्ने वा नविकरण गराउने दायित्व भएको व्यक्ति वा संघसंस्थालाई रु दुई सय जरिवाना असुल उपर गरी विवरण दर्ता वा नविकरण गरिनेछ ।

३१. झुट्टा विवरण दिएमा जरिवाना लाग्नेः यस ऐन तथा प्रचलित कानून बमोजिम बिवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको आधा रकम जरिवाना सहित लाग्ने कर निजबाट असूल गरिनेछ।

३२. व्याज (हर्जाना) नलाग्नेः यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज (हर्जाना) र जरिवानामा पूनः व्याज (हर्जाना) लाग्ने छैन ।

परिच्छेद - ७

करदाता दर्ता सम्वन्धी व्यवस्था

३३. करदाताको पहिचान तथा दर्ताः (१) राजस्व प्रशासन शाखाले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(२) राजस्व प्रशासन शाखाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी ब्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले उपमहानगरपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यबस्था मिलाउन सकिनेछ ।

३४. करदाताको दायित्वः यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विबरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाव किताव, अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

(छ) कर संकलन कार्यमा महानगरलाई आवश्यक सहयोग गर्ने ।

३५. करदाताको अधिकारः (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(ङ) यस ऐनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्यांक र विबरणको गोपनियता हुने अधिकार ।

३६. करदाताको प्रतिनिधित्वः (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयम्ले गरेको मानिनेछ ।

परिच्छेद - ८
विवरण दाखिला सम्बन्धी व्यबस्था

३७. विवरण दाखिला गर्न आदेश दिन सक्नेः (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विबरण नबुझाएमा वा विबरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विबरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र राजस्व प्रशासन शाखामा विवरण दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार कारण खोली समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

३८. विवरण सच्याउन सकिनेः (१) यस परिच्छेद बमोजिमको विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो बिवरण दाखिला गरेको तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निबेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने स्वीकृती दिन सक्नेछ ।

परिच्छेद - ९
कर निर्धारण

३९. कर निर्धारणः (१) करदाताले पेश गरेको विवरण र आर्थिक ऐनले गरेको व्यवस्था वमोजिक कर अधिकृतले प्रत्येक करदाताले तिर्नुपर्ने करको निर्धारण गर्नु पर्दछ।

(२) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा देहायको उल्लेखित सबै वा कुनै भए गरेको देखिएमा कर अधिकृत बाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ।सो कर्मचारी स्थायी हुनुपर्नेछ।

क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा।

ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा।

ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नपर्ने कारण भएमा।

घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा।

ङ) ऐन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावि गरेमा।

(३) उपदफा (२) बमोजिम कर निर्धारण गर्नपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टिकरण पेश गर्न तीस दिनको सूचना दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र करदाताले आफ्नो स्पष्टिकरण पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र करदाताले स्पष्टिकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टिकरण पेश नगरेमा ऐन बमोजिम कर निर्धारण गर्नुपर्नेछ।

(६) करदाता तथा करको आधारको अभिलेख राख्ने तथा कर निर्धारणकोलागि उपमहागनरपालिकाले कम्प्युटर सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(७) उपदफा (३) बमोजिमको कार्यकोलागि सम्भव भएसम्म नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको वा स्वीकृत गरेको सफ्टवयरलाई प्रयोगमा ल्याउनु पर्दछ ।

४०. कर निर्धारणको सूचनाः (१) यस ऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनुपर्ने कर रकम,स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी आ.व.कफ पहिलो चौमासिक भित्र करदातालाई कर निर्धारणको सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको यस्तो सूचना विजक जारी गरि वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ ।

परिच्छेद - १०

कर सूचना तथा कर दाखिला सम्बन्धी व्यवस्था

४१. कर रकमको जानकारी दिनेः (१) आर्थिक ऐनको व्यवस्था बमोजिम करदाताले तिर्नुपर्ने कर रकम निर्धारण गरी करदाताहरुलाई सोको अग्रिम जानकारी दिने दायित्व राजस्व शाखाको हुनेछ ।

गौतमबुद्ध उपमहानगरपालिका

(२) करदाताहरुलाई तिर्नुपर्ने कर रकमको जानकारी दिन राजस्व शाखाले पत्राचार वा सूचना प्रविधिका अन्य माध्यमहरुलाई प्रयोगमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ र समयभन्दा पहिले दाखिला गरेमा आर्थिक ऐन बमोजिम छुट दिनु पर्नेछ ।

४२. कर दाखिला गर्नुपर्नेः (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर सम्बन्धित परिच्छेदहरुमा समय उल्लेख गरिएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष भित्र राजस्व प्रशासन शाखा वा उपमहानगरपालिकाले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला प्रयोजनकोलागि करदाताले अनलाईन सेवा वा बैंक मार्फत उपमहानगरपालिकाले तोकिदिएको बैंक खातामा कर रकम दाखिला गर्न सक्नेछ ।

४३. कर दाखिलाको निस्सा दिनुपर्नेः करदाताले यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझिलिए पछि राजस्व प्रशासन शाखाले तत्काल त्यसको निस्सा दिनु पर्नेछ। तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने जरिवाना मिनाहा हुने छैन।

४४. किस्तावन्दीमा कर असूलीः कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने अवस्था सिर्जना भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण मनासिव देखिएमा पर्चा खडा गरी प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुरुप बढीमा एक बर्षभित्र तीन किस्तासम्ममा कर दाखिला गर्न आदेश दिन सकिनेछ ।

४५. कर असुली सम्बन्धी थप व्यवस्थाः (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछः

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर ।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर ।

(घ) करदाताको कारोबार रोक्का गरेर ।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा कव्जा गरेर ।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर तथा जरिवाना रकममा थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

४६. कर परीक्षणः (१) यस ऐन वमोजिम करदाताले विवरण पेश गरेको विवरण अनुसार निर्धारण गरिएको कर रकममा सङ्का लागेमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक तह माथिको कर अधिकृतले निम्न विषयहरुको परीक्षण गरी पुनः कर निर्धारण गर्न सक्नेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख सही भए, नभएको,

(ख) गलत वा झुठो कागजात र विवरण भए, नभएको,

(ग) कर वा शुल्क निर्धारण सहि तरिकाले भए, नभएको,

(घ) बक्यौता तथा सोमा लाग्ने जरिवानाको हरहिसाव सहि तरिकाले भए, नभएको,

(ङ) कर छुट वा मिनाहा सहि रुपमा भए, नभएको,

(च) निर्धारण गरिएको रकम दाखिला भए, नभएको ।

(२) उपदफा (१) बमोजिम पुनः कर निर्धारण भएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

परिच्छेद - ११
करफिर्ता र समायोजन

४७. करफिर्ता सम्वन्धी व्यबस्थाः (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठहरिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती लिई निवेदन परेको एक महिनाभित्र माग बमोजिम कर फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर फिर्ताको लागि खर्च तर्फ फिर्ता खर्च शीर्षकमा बजेटको व्यवस्था वा अन्य चालु खर्च शीर्षकवाट रकमान्तर गरी बजेटको व्यवस्था गर्नु पर्नेछ ।

गीतपुरीमा उपमहानगरपालिका

४८. कर समायोजन सम्वन्धी व्यवस्थाः (१) करदाताले दफा ४५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदनको व्यहोरा साँचो देखिएमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको एक महिनाभित्र माग बमोजिम कर समायोजन गर्ने आदेश दिनु पर्नेछ ।

परिच्छेद - १२

प्रशासकीय पुनरावलोकन र पुनराबेदन

४९. प्रशासकीय पुनरावलोकन हुन सक्नेः (१) यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

(२) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर,दस्तुर,शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा वा चित्त नबुझेमा सोको निराकरणका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूवादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचारधिन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गरिने छैन।

५०. प्रशासकीय पुनरावलोकनको प्रक्रियाः (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो सूचना पाएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि तिस कार्यदिन भित्र कारबाही र किनारा गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको एक तिहाई रकम धरौटी राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम राखिएको धरौटी पुनरावलोकन प्रकृया समाप्त भएपछि तिर्नुपर्ने करमा समायोजन गर्न वा तिर्न नपर्ने भएमा सम्बन्धित करदातालाई फिर्ता दिइनेछ ।

५१. पुनरावेदन दिन सक्नेः प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा जानकारी वा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सक्नेछ। अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

परिच्छेद - १३

समन्वय सम्बन्धी व्यबस्था

५२. नेपाल सरकारसँग समन्वयः (१) उपमहानगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन उपमहानगरपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरी टुंगोमा पुर्याएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

५३. प्रदेश सरसकारसँग समन्वयः (१) उपमहानगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन उपमहानगरपालिका वा सोको अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसंग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यबस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

५४. केन्द्रीय बैंकसँग समन्वयः उपमहानगरपालिकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट बैंक) सँग समन्वय गरी आवश्यक व्यबस्था गर्न सक्नेछ ।

५५. अन्य निकाय, कार्यालय र संघसंस्थासँग समन्वयः उपमहानगरपालिका वा सोको अधिकारप्राप्त अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगतका सरकारी निकाय, बैंक वा संघसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ ।

परिच्छेद - १४

आय ठेक्का सम्वन्धी व्यवस्था

५६. आयठेक्का सम्बन्धी व्यबस्थाः (१) समान्यतया उपमहानगरपालिकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्ने छैन ।

तर, जडिबुटी, कवाडी र जीबजन्तु कर, सहायक सडक मर्मत तथा सडक उपयोग शुल्क,हाट बजार शुल्क, पाडा भैसि बजार शुल्क, दहत्तर वहत्तर शुल्क तथा विज्ञापन कर जस्ता करहरु संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर र विक्रीको लागि कार्यपालिकाको निर्णय बमोजिम आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न यस व्यबस्थाले बाधा परेको मानिने छैन ।

(३) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपमहानगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै आय ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

५७. पट्टा दिने र कबुलियत गराउने : (१) दफा ५६ को ४ बमोजिम आन्तरिक आय उठाउने ठेक्का आय ठेक्काको संझौता भै सकेपछि ठेक्काका सर्त सहित अवधि खोली पट्टा वा चलन पूर्जी दिनु पर्नेछ ।

(२) ठेक्का सम्झौतामा ठेक्का तोड्न सकिने अवस्था तथा सो अवधिसम्मको हरहिसाब गर्ने ब्यवस्था उल्लेख गर्नु पर्दछ ।

(३) ठेक्का संझौता गर्दा ठेकदारसंग तोकिए बमोजिमको धरौटी लिनु पर्दछ ।

५८. ठेक्का तोड्नेः (१) ठेकदारले संझौता तथा पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने गरी काम गरेको अवस्थामा वाहेक ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) ठेकदारले संझौता बमोजिम रकम दाखिला नगरेमा वा पट्टा कबुलियतको बर्खिलाप हुने गरी काम गरेको पाईएमा एक महिनाको अग्रिम सूचना दिई उपमहानगरपालिकाले ठेक्का तोड्न सक्नेछ ।

(३) कुनै ठेकेदारले उपमहानगरपालिकाले तोकेको दरभन्दा बढी दरमा आय असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा, सेवा शुल्क वा दस्तुर असुल गरेको भनि प्रमाण सहित उपमहानगरपालिकामा उजुरी दिएमा छानविन गरी बढी असुल गरेको पाईएमा त्यस्तो रकम सम्वन्धित व्यक्तिलाई धरौटी रकमवाट फिर्ता दिई ठेकदारलाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (४) उपमहानगरपालिकाले उजुरी कर्तालाई फिर्ता दिएको रकम तथा सम्झौता बमोजिमको जरीवाना रकम सात दिन भित्र सम्वन्धित ठेकदारले उपमहानगरपालिकामा फिर्ता दाखिला गर्नु पर्दछ ।

५९. आय आर्जन परियोजनमा सार्वजनिक निजी साझेदारीः (१) उपमहानगरपालिकाले निजी क्षेत्रको समेत पुँजीगत लगानी भई दुबै पक्षले नाफा कमाउने तथा जोखिम बेहोर्ने गरी सार्वनिक निजी क्षेत्र साझेदारीवाट सेवा प्रदान गर्न सक्नेछ ।

गौरीगञ्ज उपमहानगरपालिका

(२) सार्वजनिक निजी साझेदारी व्यवस्था अन्तर्गत दीर्घकालिन सम्पत्ति सिर्जना नगर्ने गरी गरिने व्यवस्थापन करारको अवधि तीन बर्षदेखि सात बर्ष र दीर्घकालिन सम्पत्ति सिर्जना गरी गरिने निर्माण सञ्चालन हस्तान्तरण करारको अवधि बीस बर्ष भन्दा बढी हुनेछैन ।

(३) उपमहानगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्य गराउँदा इच्छुक सबैले प्रतिस्पर्धा गर्न सक्ने गरी प्रकृया अवलम्वन गर्नु पर्दछ ।

(४) सार्वजनिक निजी साझेदारी सम्झौता बमोजिम निर्माण हुने सम्पत्तिको स्वामित्व करार अवधि समाप्त भएपछि उपमहानगरपालिकाको हुनेछ ।

६०. सम्पत्ति भाडामा दिनेः (१) उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वहाल वा भाडामा लगाई आय आर्जन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति छ महिना भन्दा बढी अवधिकोलागि वहाल वा भाडामा दिंदा प्रतिस्पर्धाको माध्यमवाट सम्झौता गरी वहाल वा भाडामा दिनु पर्दछ ।

(३) वहाल वा भाडा सझौता गर्दा तोकिए बमोजिमको धरौटी तथा भाडा बृद्धिको व्यवस्था गर्नु पर्दछ ।

६१. अन्य कानून बमोजिम हुनेः आय ठेक्का बन्दोबस्तका लागि आवश्यक बोलपत्र आव्हान, दरभाउपत्र तथा डाँक बढाबढ, पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु उपमहानगरपालिकाले स्वीकृत गरेको कानून वा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

परिच्छेद - १५

राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धि व्यवस्था

६२. राजस्व सम्बन्धि नयाँ प्रस्तावः उपमहानगरपालिकाले कर तथा गैरकर सम्बन्धि नयाँ प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्नेछ।

६३. प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः उपमहानगरपालिकाले यस ऐन बमोजिम लगाउने करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

६४. विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उपमहानगरपालिकाले विद्युतिय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर तथा गैरकर राजस्व सम्बन्धी काम कारबाही गर्न सकिने व्यबस्था मिलाउन सक्नेछ ।

६५. कागजातको ढाँचाः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विबरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यबस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।यस बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानिय सरकारको कार्यालय सूचना पाटी, वेभसाइट र स्थानिय सञ्चार माध्यमबाट उपलब्ध गराउन सकिनेछ।

६६. सूचना तामेली रीत पुगेको मानिनेः (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेरपुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संघसंस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको ।

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको वा विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको ।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

६७. विभागीय कारवाही हुनेः (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ती गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधीभर सो कर्मचारीलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(५) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधी निजको सेवा सम्बन्धी कानूनमा अन्यथा व्यबस्था भएको अवस्थामा बाहेक तीन महिनाभन्दा बढी हुने छैन ।

६८. पुरष्कृत गर्न सक्नेः (१) उपमहानगरपालिकाले मापदण्ड निर्धारण गरी करदातालाई उत्कृष्ठ करदाताको रुपमा प्रत्येक वर्ष पुरष्कृत गर्ने व्यबस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरष्कारको स्वरुप, परिमाण वा सो सम्बन्धी अन्य व्यबस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

गौरडिमरा उपमहानगरपालिका

(३) कुनै करदाताले यस ऐन बमोजिम उपमहानगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तथा गैर कर राजस्व रकम तिर्नुपर्ने रकमभन्दा कम बुझाएको वा राजस्व चुहावट गरेको सूचना दिएको आधारमा उपमहानगरपालिकालाई थप राजस्व प्राप्त हुन आएमा त्यसरी थप हुन आएको राजस्वको पन्ध्र प्रतिशत रकम सूचना दिने व्यक्तिलाई नगद पुरस्कार दिन सकिनेछ ।

६९. सूचना सार्वजनिक गर्नुपर्नेः (१) यस ऐन बमोजिम उपमहानगरपालिकाले लगाएको कर र गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्र तथा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेतलाई आफ्नो वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपमहानगरपालिकाले कर र गैरकर राजस्वका दर र सोमा भएको हेरफेर सम्बन्धी विवरण नेपाल सरकारका सम्बद्ध निकायहरुमा समेत उपलब्ध गराउनु पर्नेछ ।

७०. म्याद,हदम्याद नजानेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि वाहेक गणना गरिनेछ।

क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधी,

ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधी।

७१. अदालतलाई भए सरहको अधिकार हुनेः यो ऐनको प्रयोजनको लागी ऐनको अधिकारको दायराभित्र रही नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखितहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल ऐन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

७२. कागजातको अभिलेख राखेः (१) यस ऐन बमोजिम कर बुझाउने दायित्व भएका प्रत्येक करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः-

क) यस ऐन बमोजिम उपमहानगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात।

ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजात।

ग) खर्च कट्टि गर्नुपर्ने भए सोलाई पुष्ट्याउने कागजात।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आर्थिक वर्ष समाप्त भएको मितिले ५ वर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

७३. नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकारः यस ऐन बमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न कार्यपालिकाले आवश्यक नियमावली वा निर्देशिका वा कार्यविधि स्वीकृत गरी लागू गर्न सक्नेछ ।

७४. वाधा अड्काउ फुकाउने अधिकारः (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधाअड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लिखित मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

आज्ञाले,
शान्तीराज प्रसाई
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका